गाउँ सभाको मिति २०७९ असार १० गते शुक्रबारको बैठकमा

उपाध्यक्ष श्री हरि प्रसाद रिमालले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७९/८०को

राजश्व र व्ययको अनुमान

# बजेट वक्तब्य

तारकेश्वर गाउँपालिका

नुवाकोट जिल्ला

बागमती प्रदेश, नुवाकोट

१० असार २०७९

तारकेश्वर गाउँसभाका सभाध्यक्ष ज्यू ।

कार्यपालिका सदस्य ज्यू हरु ।

उपस्थित गाउँसभाका सम्पुर्ण सदस्य ज्यू हरु ।

सभाका सचिव ज्यू ।

कर्मचारी मित्रहरु लगायत अन्य महानुभावहरु ।

नेपालको संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारत: रुपान्तरण गर्ने क्रममा स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भएको छ । संघीय शासन व्यवस्थाको मर्म अनुरुपको राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तीय स्वायत्तता सहितको स्थानीय तहको शासन सञ्चालन गर्न गाउँ कार्यपालिका तथा गाउँ सभाको गठन भएको हो । सार्वभौमसत्ता सम्पन्न यस गाउँपालिकाका जनताहरुबाट राज्य शक्तिको प्रयोग गर्ने वैधानिकता प्राप्त भएको यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

संघीयताको कार्यान्वयन यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । हामीले संघीयता कार्यान्वयनको शिलशिलामा हासिल गरेका कार्यानुभवले धैरै हौसला प्रदान गरेको छ । हामीलाई यो अवस्था सम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं परोक्ष ढंगले भूमिका खेल्नुहुने सबैलाई धन्यवाद दिन चाहन्छु । नेपाली जनतालाई अधिकार सम्पन्न बनाउने आफ्नो सपनालाई विपनामा साकार बनाउने दौडानमा हाम्रो देशमा भएको जनक्रान्तीहरु, २००७ देखी २०६२/६३ को आन्दोलनहरुमा शहादत प्राप्त गर्नुहने सम्पुर्ण शहीदहरु प्रति म भाबपुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

प्रस्तुत बजेट यो गरिमामय सभामा वाचन गरिरहँदा म स्थानीय तह निर्वाचन २०७९ को ऐतिहासिक कार्यभार सफलतापूर्वक निभाउनुहुने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । अझ विशेष गरि तारकेश्वर बासी आम मतदाता तथा नागरिहरुप्रति उच्च सम्मान र आभार प्रकट समेत गर्दछु ।

**अध्यक्ष महोदय,**

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

संघीयता कार्यान्वयनको गहन अभिभारा पुरा गर्ने क्रममा सम्पन्न स्थानीय तह निर्वाचनमा आम नागरिक सामू हामीले गरेका प्रतिबद्धता बमोजिम हुने गरि बजेट तयार गर्ने हर संभव कोशिस गरिएको छ । यद्यपी

सिमित साधन स्रोत र न्यून आन्तरिक आम्दानीका कारण यहि वर्ष सबै जनआकाङक्षाहरुलाइ प्रस्तुत बजेटमा समावेश गर्न नसकेको अवस्था यो सम्मानित सदन समक्ष जानकारी गराउँछौं । तथापी निर्वाचनमा झल्किएको नागरिक अभिमत समेट्ने गरि आगामी आ.व. २०७९/८० का लागि प्रस्तुत यस बजेटमा देहायका प्राथमिकता रहेको विषय जानकारी गराउन चाहन्छु ।

क. गाउँपालिका भरको मूल सडकलाई ग्राभेलिङ गरि सबै समयमा सहज यातायात संचालनको व्यवस्था मिलाउने ।

ख. खानेपानी समस्यालाई नागरिकले महसुस गर्न सक्ने गरि दीगो रुपमा समाधान गर्ने ।

ग. कृषिक्षेत्रमा लगानी वृद्धि गरि उत्पादन र उत्पादत्व बढाउने ।

घ. पर्यटन क्षेत्रलाइ स्थानीय आयस्रोतको रुपमा विकास गर्ने ।

ङ. शिक्षा र स्वास्थ्य क्षेत्रका विद्यमान अभाव र समस्याहरुलाइ अर्थपुर्ण रुपमा समाधान गर्ने ।

च. स्थानीय तहमा जीवनयापन गर्न सकिने किसिमको रोजगारीका क्षेत्र पहिचान गरि कार्यक्रम संचालन गर्ने ।

छ. लक्षित वर्गको उत्थान र परिचालनमा ठोस योगदान दिने कार्यक्रमहरु संचालन गरिने ।

**सभाध्यक्ष महोदय**

**गाउँसभाका सदस्य ज्यूहरु**

तारकेश्वर गाँउपालिकाले प्रस्तावित वजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सूचिआर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, यस सभाले अनुमोदन गरेको नीति कार्यक्रम आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालयल र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी यस सभामा प्रस्तुत भएको आ.व.२०७९।८० को नीति तथा कार्यक्रमद्वारा निर्देशित आ.व. २०७९।८० को बजेट गाउँकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँसभामा प्रस्तुत गरेको छु।अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को आय व्ययको विवरण प्रस्तुत गर्न गईरहेको छु।

<u>आय तर्फ</u>

१. आ.व.२०७९।८० मा यस गाउँपालिकामा संघिय सरकारबाट वित्तीय समानीकरण तर्फ रकम ८ करोड २८ लाख, सशर्त अनुदान चालु तर्फ रकम रु. १५ करोड ५ लाख, सशर्त अनुदान पुँजिगत

तर्फ रु. ७९ लाख संघीय राजश्व बाँडफाँड बाट ६ करोड ८६ लाख ९६ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

२. त्यस्तै बागमती प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रकम ७० लाख १२ हजार, सशर्त अनुदान तर्फ रु. १ करोड ८३ लाख ५८ हजार, राजश्व बाँडफाँड (सवारी साधन कर) बाट रु. १ करोड ४६ लाख ५२ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

३. यसै गरि आन्तरिक आय तर्फ रु. १ करोड राजस्व संकलन हुने अनुमान गरिएको छ, जस मध्ये प्राकृतिक श्रोतवाट प्राप्त आम्दानी ७०लाख तथा अन्य आम्दानी ३० लाख संकलन हुने अनुमान गरिएको छ ।

४. साथै यस चालु आ.व. को मौज्दात रकम १ करोड ७५ लाख र सामाजिक सुरक्षा अनुदान रकम १२ करोड, घरजग्गा रजिष्ट्रेशन शुल्क बापत प्राप्त हुने रु १५ लाख तथा वन रोयल्टि बापत प्राप्त हुने रकम रु. १५ हजार गरी आगामी आ.व. २०७९।८० को कुल बजेट रकम रकम ४९ करोड ८९ लाख ३३ हजार प्रस्ताव गरेको छु ।

<u>व्यय तर्फ</u>

१. कुल बजेट मध्ये गाउँ कार्यपालिकाको चालु खर्च ७ करोड ९१ लाख ७५ हजार तथा वडा कार्यालयहरुको चालु खर्च रु ३० लाख गरि कुल चालु खर्च रकम रु ८ करोड २१ लाख ७५ हजार विनियोजन गरेको छु । पुँजिगत खर्च १२ करोड गरी जम्मा रकम २० करोड २१ लाख ७५ हजार विनियोजन गरिएको छ ।

२. पुँजिगत खर्च तर्फ विनियोजित रकम १२ करोड र संघ तथा प्रदेश सरकारका सशर्त अनुदान समेत गरि एकमुष्ट रकममध्ये वडा कार्यालयहरुबाट माग भइ आएका योजनाहरुमा रु १ करोड ८० लाख विनियोजन गरिएको छ भने गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि आगामी आ.व.मा रु १ करोड विनियोजन गरिएको छ । हाल भाडामा रहेको प्रशासनिक भवन स्थानान्तरण कार्यका लागि रु. ३० लाख रकम विनियोजन गरिएको छ ।

३. त्यसैगरि खानेपानी तथा सरसफाइका लागि रु. २ करोड ३९ लाख विनियोजन गरेको छु भने गाउँपालिका भरिका मुख्य सडकहरु ग्राभेलिङ गरि स्तरोन्नतिका लागि रु. ३ करोड ५० लाख बजेट विनियोजन गरिएको छ ।

४. बर्खायाम तथा अन्य कारणले हुन सक्ने सडक अवरोध हटाउन तथा सडक मर्मत संभारका लागि रु ३० लाख र लक्षित वर्ग तथा स्वरोजगारमूलक कार्यक्रम संचालनका लागि रु. ४० लाख विनियोजन गरिएको छ भने

५. सशर्त अनुदानको रुपमा झोलुङ्गे पुल निर्माणका लागि रु. ५० लाख र सशर्त अनुदानकै रुपमा तटबन्धन कार्यका लागि रु. २५ लाख विनियोजन गरिएको छ। त्यसैगरि फर्निचरतथा फिक्चर्स र मेशिनरी तथा औजार खरिदका लागि २७ लाख विनियोजन गरेको छु ।नविकरणीय उर्जाका लागि सशर्त अनुदान बापत रु ८ लाख विनियोजन गरेको छु ।

६. सशर्त अनुदान बाहेक कृषिमा थप ४५ लाख विनियोजन गरि जम्मा रु ८७ लाख विनियोजन गरिएको छ भने पशुपंक्षि विकास कार्यक्रमा रकम थप गरि जम्मा रु ४४ लाख ५० हजार बजेट व्यवस्था गरिएको छ ।

७. शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेख्य रकम विनियोजन गरिएको छ । सशर्त अनुदानमा थप रु. ८० लाख थप गरि शिक्षामा जम्मा रु. ११ करोड ३७ लाख ६८ हजार रकम विनियोजन हुँदा स्वास्थ्य क्षेत्रमा सशर्त अनुदान सहित रु ३ करोड ५२ लाख ६ हजार बजेट व्यवस्था गरिएको छ ।आयुर्वेदका लागि सशर्त अनुदान बापत रु ३२ लाख विनियोजन गरिएको छ

८. प्रधानमन्त्री रोजगार कार्यक्रममा संघीय सरकारको सशर्त रकममा थप गरि जम्मा रु ६९ लाख पुराइएको छ भने लघु उद्यम कार्यक्रममा संघिय सरकारकै सशर्त अनुदान रु ३० लाख विनियोजन गरिएको छ ।

९. सामाजिक सुरक्षा तथा पंजिकरण इकाइ व्यवस्थापनका लागि रकम थप गरि रु. १६ लाख कायम गरिएको छ भने महिला बालवालिका तथा जेष्ठ नागरिक लक्षित कार्यक्रमका लागि सशर्त अनुदानमा थप बजेट व्यवस्था गरि रु. २१ लाख ७२ हजार पुराइएको छ ।सामाजिक सुरक्षा भत्ता बापत आय अनुमान भएको रु. १२ करोड सोहि शिर्षकमा खर्च हुने अनुमान गरिएको छ ।

१०. न्यायिक समितिको कार्यसम्पादन सहजिकरणणका लागि प्रदेश सशर्त अनुदान सहित रु. ९ लाख ६२ हजार विनियोजन गरिएको छ ।अन्य विषयगत शाखा मार्फत कार्यक्रम संचालन हुने गरि एकमुष्ट रु. ३७ लाख बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू,

उपस्थित महानुभावहरु,

यसरी आ.ब. ०७९/८० को नीति तथा कार्यक्रम र बजेट बनाउन सहयोग पुऱ्याउनु हुने गाँउ सभा, गाँउ कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यूहरु, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पूर्ण विषयगंत समितिका पदाधिकारी ज्यूहरु, बस्ती स्तरीय भेलादेखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सक्रिय जनसमुदाय, बजेट निर्माण प्रक्रियामा अहोरात्र खटिरहनु भएका कर्मचारी वर्ग लगायत बजेट निर्माण प्रक्रियामा सहभागी हुनुहुने एवं अमुल्य सहयोग, सद्भाव, सल्लाह दिनुहुने सम्पुर्णप्रति हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।